नगरपालिकाबाट स्वीकृत मिति - २०७९/०६/०८

# शितगंगा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
ठाडा अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# शितगंगा नगरपालिका
## ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने कार्यविधि २०७९

# ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९

**परिचय**

शितगंगा नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने नगरबासी मध्ये ८४ वर्ष उमेर पुग्ने जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा जेष्ठ पाका पुस्ता उमेरका नागरिकहरुलाई सम्मान स्वरुप रु २५०००/- सहयोग उपलब्ध गराउन एघारौं नगर सभाबाट स्वीकृत नीति र वजेट व्यवस्थापन अनुसार ८४ वर्ष उमेरका वृद्धा वृद्धाहरुको मनोवल उच्च तुल्याउन ८४ औं वर्षगाँठको जन्म दिनको अवसरमा एक पटकको लागि मात्र एकमुष्ठ रु. २५ हजार उपलब्ध गराउने उदेश्यले "**८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९"** तयार गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः १ यस कार्यविधिको नाम "**८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९"** रहेको छ ।

२. यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मिति देखि तुरुन्तै लागू हुने छ ।

**परिभाषा** :- विषय वा प्रसङगले अर्को अर्थ नलागेमा

क) "नगरपालिका" भन्नाले शितगंगा नगरपालिका सम्झनुपर्छ ।

ख) "व्यवस्थापन/समन्वय समिति" भन्नाले "**८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ भै वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९"** लाई सु-व्यवस्थित एवं पारदर्शि तवरले सञ्चालन गर्ने र अनुगमन मुल्याङकन गर्ने समेतको समितिलाई बुझ्नुपर्छ ।

ग) "वडा कार्यालय" भन्नाले यस नगरपालिका अन्तर्गतका वडा कार्यलयहरु सम्झनुपर्छ ।

## परिच्छेद - २
## उद्धेश्य, मापदण्ड र क्षेत्र

**उद्धेश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा २५०००/- अनुदान दिने कार्यक्रम संचालन गर्नु यसको मुख्य उदेश्य रहेकोछ ।

**क्षेत्र:** यस कार्यक्रमलाई देहाय बमोजिमको क्षेत्रमा विनियोजन गरी खर्च गर्नु पर्दछ ।

- यस नगरपालिका भित्र बसोवास गर्ने ८४ वर्ष उमेरका जेष्ठ नागरिक बृद्ध/बृद्धाहरुलाई ८४ वर्ष उमेर पुगीसकेपछी ८४ वर्ष गाँठको उपलक्ष्यमा जन्म दिनको अवसरमा एक पटकको लागि मात्र २५,०००/- सहयोग उपलब्ध गराउनु र ८४ वर्ष उमेर पुगी सकेका नगरबासीलाई समेत एकपटकको लागि उक्त सहयोग उपलब्ध गराउनु यसको क्षेत्र पर्दछ ।

**मापदण्डः** ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा जन्म दिनको अवसरमा रु २५,०००/- सहयोग दिने कार्यक्रमको मापदण्ड देहाय बमोजिम रहेको छ ।

- यस नगरपालिका भित्र स्थायी वसोवास गर्ने ८४ वर्ष उमेर पुग्ने बृद्ध/बृद्धाहरु ।
- एक पटकको लागि यस नगरपालिका भित्र स्थायी वसोवास गर्ने ८४ वर्ष उमेर पुगीसकेका बृद्ध/बृद्धाहरु ।
- सहयोग रकम एक पटक मात्र उपलब्ध हुने ।
- सम्बधित वडाको सामाजिक सुरक्षा भत्ता कार्यक्रममा सुचिकृत भएको ।
- नागरिकताको प्रमाण पत्र पेश गर्नु पर्ने ।
- सम्बन्धित वडाको सिफारिस ।
- ८४ वर्ष उमेर पुरा भएको जन्म दिनको अवसरमा सम्मानको लागि रकम उपलब्ध गराईने ।
- उक्त रकम सम्बन्धित व्यक्तिको हातमा उपलब्ध गराइने छ । विवरण पेश गरेपश्चात मृत्यू भएको व्यक्तिको हकमा निजले हकदारलाई उपलब्ध गराइनेछ ।

## परिच्छेद - ३
## समन्वय समिति

८४ वर्ष उमेर पुगेको अवसरमा ८४ वर्ष गाँठको उपलक्ष्यमा एक पटकको लागि मात्र २५,०००/- सहयोग उपलब्ध गराउने कार्यक्रमलाई सु-व्यवस्थित ढंगले अगाडी बढाउन र अनुगमन गरी राय सुझाव पेश गर्न देहाय बमोजिमको समन्वय समिति रहनेछ ।

संयोजक - नगर उप प्रमुख

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- वडा अध्यक्ष सम्बन्धित वडाको

सदस्य- संयोजक सामाजिक विकास समिति

सदस्य- आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य सचिव- महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

- समन्वय समितिको वैठकमा आवश्यकता अनुसार यस्तै कार्यक्रम संचालन गर्ने व्यक्ति/संस्थालाई सदस्य एवं विषय विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।
- आफ्नो कार्यविधि थप गर्न, कार्यक्रम संचालन र व्यवस्थापन गर्न समन्वय समिति स्वायत्त हुनेछ ।

**समितिको काम कर्तव्य र अधिकार**

- कार्यविधिको पूर्ण पालना गर्ने गराउने ।
- स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।
- आवश्यक परे थप मापदण्ड बनाइ कार्यान्वयन गर्ने ।
- यस्तै सामाजिक सुरक्षाको क्षेत्रमा कार्य गर्ने अन्य निकायहरुसँग समन्वय गर्ने ।

**समितिको बैठक र निर्णय**

- समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
- समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।
- समितिको कुल सदस्य संख्याके ५० प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।
- समितिको बैठकको निर्णय सदस्य सचिवले उठाउने छ ।

## परिच्छेद -४

## कार्यान्वयन प्रकृया

८४ वर्ष उमेर पुगेको अवसरमा ८४ वर्ष गाँठको उपलक्ष्यमा एक पटकको लागि मात्र २५०००/- सहयोग उपलब्ध गराउने कार्य निम्न प्रकृयाबाट कार्यन्वयन गरिने छ ।

क. नागरिकताको प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

ख. नगरपालिकाको स्थायी वासिन्दा भएको वडाको सिफारिस पत्र पेश गर्नु पर्ने ।

ग. ८४ वर्ष पुग्नु भन्दा कम्तीमा १ महिना पहिले नागरिकताको प्रमाण पत्र र वडाको सिफारिस सहित संरक्षकले निवेदन यस नगरपालिकामा पेश गर्नु पर्ने ।

घ. हाल उमेर पुगीसकेकाहरुको हकमा एक पटकको लागि कार्यविधि स्वीकृत भएको मितिले १ महिना भित्र नगरपालिकाले १५ दिनको सूचना प्रकाशन गरी प्राप्त हुने निवेदनलाई छानविन गरी उपलब्ध गराउने ।

ङ. सकेसम्म ८४ वर्ष उमेर पुग्ने दिनमा रकम उपलब्ध गराउने ।

## परिच्छेद -५
## विविध

३. कार्यक्रमको प्रशासनिक खर्च नगरपालिकाको विनियोजित बजेटबाट व्यहोरिने छ ।

४. बैठक भत्ता नगरपालिकाका अन्य समितिले पाए सरहको बैठक भत्ता दिइने छ ।

५. समितिले आफुले गरेको कामको अभिलेख राख्नु पर्नेछ ।

६. नगरपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाइ निर्देशन दिन सक्नेछ ।

७. नगरपालिकाको निर्णयबाट यस कार्विधिलाइ आवश्यक्ता अनुसार संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**प्रमाणित मितिः- २०७९/०६/०८**

आज्ञाले<br>
झविन्द्र खनाल<br>
प्रमुख प्रशासकीय अधिकृत